ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ

☎ ०३६-४११११०३
☎ ०३६-४११११०४
E-mail :aiselukharka2073@gmail.c
Website:www.aiselukharkamun.gc

१ नं. प्रदेश, नेपाल

प.स:-०७६/०७७
च.नं.:-११९८

मिति २०७६/१२/१९

**विषय** : आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा

**श्री वडा अध्यक्ष्य ज्यू,**
**वडा समितिको कार्यालय (सबै)**

प्रस्तुत विषयमा विश्वव्यापी रुपमा फैलिदै गएको कोरोना (Covid-19) भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि गरिएको लकडाउनको कारणले रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने व्यक्तिहरुलाई आवश्यक प्याकेजको व्यवस्था गरी न्युनतम दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने भनी गृहमन्त्रालयको २०७६/१२/१६ गतेको पत्र प्राप्त भएको हुँदा आवश्यक व्यवस्थाको लागि सो पत्र यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ। साथै निम्न अनुसारका कार्य तत्काल गर्न गराउन समेत अनुरोध छ।

१. कोरोना (Covid-19) भाइरसको संक्रमण सुरु भए पश्चात विदेशबाट आएका त्यस वडामा बसोबास गर्ने व्यक्तिहरुलाई बाहिरी सम्पर्क हुनबाट निगरानीमा राख्ने र (Covid-19) सँग मिल्दा जुल्दा लक्षणहरु देखा परेमा तुरुन्त स्वाथ्यकर्मीको सहायता लिई गाउँपालिकाको आइशोलेसन बेडमा राख्न तुरुन्त पठाउने। साथै निजको परिवारका सदस्यहरुलाई वडाको क्वारेनटाइन वेडमा राख्ने व्यवस्था मिलाउने।

२. त्यहाँ वडामा रहेका हालको परिस्थिति (लकडाउन) ले रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने व्यक्तिहरु भएमा त्यस्ता परिवारको लगत संकलन गरी २४ घण्टा भित्र गाउँपालिकामा पेश गर्ने गराउने।

३. गुजारा चलाउन नसक्ने व्यक्तिहरुको लागि न्युनतम उपभोग्य वस्तुहरु उपलब्ध गराउने व्यवस्था मिलाउने।

७६/१२/१९

(बुकु प्रसाद आचार्य)
प्रमुख प्रशासकीय अधिकृत

बुकु प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत